# केराबारी गाउँपालिका

## स्थानीय राजपत्र

केराबारी गाउँपालिकाद्धारा प्रकाशित

खण्ड ९) केराबारी, पुस २५ गते,२०८२ साल (संख्या ७


## भाग — २

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम केराबारी गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# केराबारी गाउँपालिकाको स्वरोजगार तथा उद्यमशीलता प्रवर्द्धनका लागि आवश्यक प्रविधि सहयोग कार्यक्रम मापदण्ड—२०८२

प्रस्तावनाः देशको बेरोजगारी समस्या कम गर्दै स्वरोजगार र उद्यमशीलताको विकास गर्न प्रविधि सहयोग आवश्यक छ। यस मापदण्डको उद्देश्य भनेको वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु वा वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुको परिवारका

सदस्यहरुलाई उद्यमशील बनाउन आवश्यक प्रविधि, उपकरण र सीपमा सहयोग पुर्याउनु हो। संघिय सरकारबाट हस्तान्तरीत आयोजना/ कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुका लागि पुनःएकीकरण परियोजना (पहिलो चरण) अन्तर्गत २६३३२ सशर्त अनुदान (चालु) २.६.४.३३६ स्वरोजगार तथा उद्यमशिलता प्रवर्द्धनका लागि आवश्यक प्रविधि सहयोग शिर्षकमा विनियोजित वजेट रु. २३०००००।— कार्यान्वयनका लागि कार्पालिकाको बैठकवाट यस मापदण्ड स्वीकृत गरिएको छ ।

**१. कार्यक्रमको उद्देश्यः** स्वरोजगार तथा उद्यमशिलता प्रवर्द्धनका लागि आवश्यक प्रविधि सहयोग कार्यक्रमको उद्देश्यहरु तपसिल बमोजिम हुनेछ ।

(क) स्वरोजगार सिर्जना गरी आत्मनिर्भरता अभिवृद्धि गर्नु।
(ख) नवप्रवर्तनयुक्त र प्रविधिमा आधारित उद्यमशीलता विकास गर्नु।
(ग) स्थानीय स्रोत, सीप र प्रविधिको अधिकतम उपयोग गर्नु।
(घ) दिगो आयआर्जन र रोजगारीका अवसरहरू सिर्जना गर्नु।

**२. कार्यक्रम सञ्चालन गर्ने क्षेत्रः** केराबारी गाउँपालिकामा चालु आ.व. ०८२।०८३ मा रेमी परियोजना कार्यन्वयन गर्न छनौट गरिएको वडा नं. १ र ८ साथै विगतका आ.व. मा केराबारी गाउँपालिकाले रेमी परियोजना सञ्चालनका लागि छनौट गरी कार्य गरेको वडामा सञ्चालन गरिनेछ ।

**३. लक्षित समूहः** यस कार्यक्रमका प्रमुख लक्षित समूह देहाय बमोजिमका व्यक्ति वा परिवार  हुनेछन ।

(क) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु वा वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुका    परिवारका सदस्य जो बेरोजगार वा आंशिक बेरोजगार हुन्।

(ख) नयाँ उद्यम सुरु गर्न इच्छुक युवा/महिला।

(ग) विद्यमान साना तथा घरेलु उद्यमी।

(घ) अपाङ्गता भएका व्यक्ति, दलित, पिछडिएका तथा विपन्न वर्गका व्यक्तिहरू।

**४. सहयोगका क्षेत्रः** यस कार्यक्रम अन्तर्गत देहायका क्षेत्रमा प्रविधि सहयोग प्रदान गरिनेछ ।

(क) कृषि तथा पशुपन्छी व्यवसाय
(ख) घरेलु तथा साना उद्योग
(ग) सीपमूलक तथा सेवा आधारित उद्यम
(घ) स्थानीय उत्पादन र प्रशोधन उद्योग

**५. प्रविधि सहयोग सम्बन्धि प्रमुख क्रियाकलाप/कार्यक्रम, लागत सहभागीता र बजेटको बाँडफाडको स्वरुपः**
कार्यक्रममा कम्तीमा ५० जना वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु वा वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुका परिवारका

सदस्यहरू समावेश हुनेछन् । कुल लागतको अधिकतम ७५ प्रतिशत सम्म गाउँपालिकावाट अनुदान उपलव्ध हुनेछ । न्यूनतम २५ प्रतिशत लागत लाभग्राहीको सहभागी हुनेछ । उपलव्ध वजेटका आधारमा लाभग्राही संख्या निर्धारण हुनेछ । कार्यक्रमको कुल लागत सम्पूर्ण सेवाग्राहीको २५% लागत सहभागिता हुनेछ।

**५.१ बिनियोजित रु. २३०००००।— बजेटलाई देहायका**

| क्र.स. | कार्यक्रमको नाम | बजेट रु. |
|---|---|---|
| १. | विउविजन तथा विरुवा सहयोग कार्यक्रम | **३,५२,०००।-** |
| २. | घरेलु तथा साना उद्योग सामाग्री वितरण कार्यक्रम | **३,५३,०००।-** |
| ३. | कृषि सामग्री तथा औजार उपकरण वितरण कार्यक्रम | **५,७५,०००।-** |
| ४. | पशुपालन गर्ने किसानका लागि च्यापकटर वितरण | २,९०,०००।- |
| ५ | गोठ तथा भकारो सुधार कार्यक्रम | ७,३०,०००।- |

**कार्यक्रममा खर्च गरिनेछ ।**

**(क) विउविजन तथा विरुवा सहयोग कार्यक्रमः** यस कार्यक्रम बाट देहाय वमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछ ।

- **फूलकोपी, करेला, धनिया, बैगुन, क्याप्सिकम, काक्रा** लगायतका कृषकको माग बमोजिमका कृषि सामग्रीहरूको वितरण हुनेछ।

**(ख) घरेलु तथा साना उद्योग सामाग्री वितरण कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत देहाय वमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछ ।

- **मिल, कम्प्रेसर, व्यान सिलर मेसिन, टपरा बुन्ने मेसिन** र अन्य उद्यमिले माग गरे बमोजिमका सामग्रीहरूको वितरण गरिनेछ ।

**(ग) कृषि सामग्री तथा औजार उपकरण वितरण कार्यक्रम -** यस कार्यक्रम अन्तर्गत देहाय वमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछ ।

- **प्लाष्टिक पोखरी, युभी टनेल प्लाष्टिक, मल्चिङ, स्प्रे ट्याङ्की** र अन्य माग बमोजिमका कृषि उपकरणहरूको वितरण।

**(घ) पशुपालन गर्ने किसानका लागि औजार उपकरण वितरण-** यस कार्यक्रम बाट किसानको माग बमोजिमका गाई भैसी तथा बाख्रा पालन गर्न ईच्छुक किसानलाई च्याप कटर लगाएतका माग बमोजिमका पशु संग सम्बाधित औजार वितरण गरिनेछ ।

**(ङ)गोठ तथा भकारो सुधार कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत देहाय वमोजिमका क्रियाकलाप सञ्चालन गरिनेछ ।

१. सुधारिएको गोठ को मापदण्ड

१.१ आवश्यक क्षेत्रफल

भैंसी को लागि = ७० वर्गफुट (७×१० फिट) को २ वटा भैसीको लागि पुग्ने गोठ निर्माण

गाई/गोरु = ४८ वर्गफुट (६×८ फिट) को २ वटा गाई/गोरुको लागि पुग्ने गोठ निर्माण

१.२ संरचना

- गोठ जमिनभन्दा १—१.५ फिट अग्लो
- ढलान (स्लोप) सहित पक्की भुईँ
- हावा र प्रकाश राम्रो आउने
- मूत्र बग्ने नाला अनिवार्य
- छानो स्थानिय श्रोत साधन प्रयोग गरि निर्माण गर्न सक्ने

१.३ गहुँत संकलन टेङ्की

- ७५×७५×६० से.मि. पक्की खाडल

१.४ भकारो तथा मल व्यवस्थापन

- गोवरलाई घाम पानी बाट जोगाउन छानो व्यवस्थापन गर्ने व्यवस्था
- जैविक मल बनाउने ४ वटा १०० लि का भाडा खरिद

१.५ गोठ सुधार कार्यक्रम अन्तर्गत गोठ निर्माणका लागि अनुदान वितरण ।

- प्रति गोठ सुधार अनुदान सिमा — बढिमा रु. ४५,०००।— रकम गाउँपालिकाको हुनेछ भने उक्त रकमका अतिरिक्त सेवाग्रिको २५% थप लागत सहभागिता हुनुपर्नेछ ।

१.६. पुराना गोठरुको पनी यही मापदण्ड बमोजिम सुधार गर्न उल्लेखित बजेट दिन सकिने छ ।

## ६. अनुदान तथा सहयोग सीमाः

(क) प्रतिउद्यमी वा समूहमा सामग्री वा निर्माणको रूपमा प्रविधि सहयोग उपलब्ध गराइनेछ।
(ख) कुल लागतको २५% प्रतिशत लाभग्राहीले व्यहोर्नु पर्नेछ।

**७. आवेदन प्रक्रियाः** दफा ५ वमोजिमको कार्यक्रम सञ्चालनका लागि न्यूनतम ७ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ । यस अनुदान कार्यक्रममा सहभागीहुनका लागि निवेदनका साथ देहाय वमोजिम कागजात संलग्न राखि पेश गर्नुपर्नेछ ।

(क) रेमी परियोजना अन्तर्गतका द्रुत मूल्याङ्कन फारम, फिर्ती फारम, पुनरावलोकन फारम भरेको हुनुपर्नेछ।

(ख) वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु वा वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुका परिवारका सदस्यका लागि सम्बन्धित कागजातहरू (नागरिकता, रोजगारीका प्रमाण) अनिवार्य हुनेछन्।

**८. छनौटका प्रक्रियाः** दफा ७ वमोजिमको प्रक्रियावाट आवेदन पेश गर्ने व्यक्तिमध्येवाट आवश्यकता अनुसार छनौट वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु वा वैदेशिक रोजगारीमा रहेका

व्यक्तिहरुका परिवारका सदस्यहरुका लागि स्व-रोजगार तथा प्रविधि अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधि- २०८१ को परिच्छेद २ दफा ९ उपदफा ९.१ बमोजिमको समितिले गर्नुपर्नेछ ।सोही समितिले यस मापदण्डको दफा ७ र दफा ९ का आधारमा आवेदकहरु मध्येवाट लाभग्राही छनौट गर्नुपर्नेछ ।

**९.छनोटका आधारः** आवेदकहरुमध्येवाट वजेट आवश्यकता प्राथमिकता समेत देहायका प्रमुख आधारमा लाभग्राही छनौट गरिनेछ ।

(क) व्यवसायिक योजना सम्वन्धी प्रस्ताव

(ख) उद्यमको सम्भाव्यता

(ग) प्रविधिको उपयोगिता र दिगोपन

(घ) रोजगारी सिर्जनाको सम्भावना

(ङ) गरिव बिपन्न तथा लक्षित समूहका व्यक्तिहरूलाई प्राथमिकता दिने।

(च) सेवाग्राही अनिवार्य वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरु वा वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरुका परिवारका सदस्यहरु हुनुपर्नेछ ।

**१०.कार्यक्रम सञ्चालनको प्रकियाः**

(क) दफा ६ उपदफा ६.१ को कार्यक्रम अन्तर्गत क्र.सं. १,२,३ र ४ कार्यन्वयन गर्दा गाउँपालिकाको कार्यालयले प्रचलित कानुन बमोजिम खरिद गरी हस्तान्तरण र वितरण गर्ने छ ।

(ख) दफा ६ उपदफा ६.१ को कार्यक्रम अन्तर्गत क्र.सं. ५ कार्यन्वयन गर्दा छनौट भएका लाभग्राहीसंग कार्यालयले सम्झौता गर्नेछ ।

**११.अनुगमन तथा मूल्याङ्कनः** कार्यक्रमको प्रभावकारिता सुनिश्चित गर्न गाउँपालिकावाट नियमित अनुगमन र मूल्याङ्कन गरिनेछ। कार्यसम्पन्न पश्चात लाभग्राहीले प्रगति विवरण पेश गर्नुपर्नेछ।

**१२. लाभग्राहीको दायित्वः**

(क) प्रविधि तोकिएको उद्देश्यअनुसार प्रयोग गर्नु।
(ख) अनुगमनमा सहयोग गर्नु।
(ग) कार्यक्रमको नियम र सर्त पालना गर्नु।

(घ) केराबारी गाउँपालिका कृषि विकास शाखा अन्तर्गतको प्राङ्गारिक तथा जैविक मल उत्पादन केन्द्र बाट उत्पादित सामग्रीहरु को प्रयोग अनिवार्य गर्नुपर्नेछ ।

**१३. विविध**

(क) यस मापदण्डमा उल्लेख नभएका विषयमा कार्यक्रम सञ्चालन गर्ने निकायको निर्णय लागू हुनेछ।
(ख) मापदण्डमा आवश्यकतानुसार संशोधन गर्न सकिनेछ।

आज्ञाले,
जयराम श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत